वर्ष १९ | अंक ११९ | नेपाल संवत् ११४१ | २०७७ माघ ११ गते आइतबार | 24 Jan. 2021 | पृष्ठ ४ | मूल्य रु. १०




एउटै पढे पुग्छ

# समाधान

samadhannews.com




## 'कोभिसिल्ड' आज पोखरा आइपुग्ने



**समाधान संवाददाता**
पोखरा, १० माघ

कोभिड १९ विरुद्धको खोप 'कोभिसिल्ड' आइतबारदेखि ७ वटै प्रदेशमा पठाइँदै छ । भारत सरकारले अनुदानमा उपलब्ध गराएको खोप लगाउन ७ वटै प्रदेशमा आइतबार पठाइने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता प्राडा जागेश्वर गौतमले जानकारी दिए ।

भारतबाट ल्याएपछि खोप स्वास्थ्य सेवा विभागको टेकुस्थित केन्द्रीय चिस्यान केन्द्रमा राखिएको छ । उनका अनुसार प्रदेशबाट नै जिल्ला अस्पतालमा खोप आवश्यकताका आधारका वितरण गरिनेछ । गण्डकी प्रदेशलाई खोप लिन पोखराबाट 'रेफ्रिजेरेटर भ्यान' शुक्रबार नै काठमाडौं पुगेको छ । गण्डकी प्रदेशका फ्रन्टलाइनरलाई लगाउने खोप लिएर भ्यान आइतबार साँझसम्म पोखरा आइपुग्ने सामाजिक विकास मन्त्रालय स्वास्थ्य महाशाखा प्रमुख शम्भुप्रसाद ज्ञवालीले बताए ।

ज्ञवालीका अनुसार प्रदेशले कति खोप पाउँछ भन्ने अझै यकीन भइसकेको छैन । गण्डकी प्रदेशले ४० देखि ४५ हजार डोज खोप पाउने अनौपचारिक जानकारी आएको प्रदेशका अर्का उच्च स्वास्थ्य अधिकारीले बताए । 'कति खोप पठाउँछन् भन्ने आएपछि थाहा होला तर गण्डकीलाई ४० हजार डोज दिने भन्ने सुनेको छु,' ती अधिकारीले भने, 'त्यति आए स्वास्थ्यकर्मीसहित २० हजार फ्रन्टलाइनरलाई पुग्छ ।'

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक खिमबहादुर खड्काले खोप राख्ने ठाउँ व्यवस्थापन भइसकेको जानकारी दिए । उनका अनुसार कोरोना भाइरसविरुद्धको उक्त खोप जिल्ला स्वास्थ्य कार्यालय कास्की हाताभित्रको खोप भण्डार गृहमा राखिनेछ । केन्द्रले खोपसहित व्यवस्थापन र प्रदेशमा सहजीकरण गर्न प्रतिनिधि पनि पठाउने भएको छ । गण्डकी प्रदेशमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमलाई खोप व्यवस्थापन संयोजक तोकेको छ । उनीसँगै वरिष्ठ जनस्वास्थ्य प्रशासक मदन श्रेष्ठ पनि आउनेछन् ।

पोखरास्थित खोप भण्डारमा ल्याएपछि ४ दिनभित्र जिल्लामा पठाइनेछ । कति जनालाई खोप लगाउने भन्ने अझै जानकारी आइनसकेको स्वास्थ्य महाशाखा प्रमुख ज्ञवालीले बताए । 'केन्द्रले जिल्लाबाटै विवरण मागेकाले उनीहरु आफैंले पठाएका छन् । खोप आएपछि पोखरामा तालिम हुन्छ । त्यसपछि कतिलाई लगाउने भन्ने थाहा हुन्छ,' उनले भने ।

**'४० देखि ४५ हजार डोज खोप आए स्वास्थ्यकर्मीसहित २० हजार फ्रन्टलाइनरलाई पुग्छ'**

उक्त खोप स्वास्थ्य संस्थामा कार्यरत कोभिड १९ व्यवस्थापनमा अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी, सहयोगी कर्मचारी, एम्बुलेन्स तथा शववाहन चालक, कोभिड १९ को संक्रमणबाट मृत्यु भएका शवको व्यवस्थापनमा खटिने सुरक्षाकर्मी स्थानीय तहमा कार्यरत फोहोर व्यवस्थापन तथा सरसफाइकर्मीलाई दिइनेछ ।

२ मात्रामा दिइने खोप पहिलोपटक लगाएको ४ हप्तापछि दोस्रो मात्रा दिइने मन्त्रालयका प्रवक्ता डा गौतमले बताए । खोप लगाउन सुरु गरेको १ हप्ताभित्र सबै खोप लगाइसक्ने मन्त्रालयको तयारी छ । माइनस २ डिग्री सेल्सियसदेखि माइनस ८ डिग्री सेल्सियसमा राख्न सकिने उक्त कोभिसिल्ड खोप भारतमा ७० प्रतिशत प्रभावकारी देखिएको छ । कुल जनसंख्याको ७२ प्रतिशतलाई कोभिड-१९ विरुद्ध खोप लगाउने योजना सरकारको छ । पहिलो चरणको खोप लगाएपछि सरकारले दोस्रो चरणका लागि 'कोभ्याक्स सुविधा' नामक संयन्त्र अन्तर्गत निशुल्क २० प्रतिशत खोप ल्याउने तयारी गरेको छ ।

### निर्ब्याजी ऋणबारे व्यवसायी

# ५० लाखभन्दा बढी कारोबार गर्नेलाई समेटौं

**अनुप पौडेल**
पोखरा, १० माघ

गण्डकी प्रदेश सरकारले बिहीबार सूचना निकालेर भनेको छ, 'निर्ब्याजी ऋण लिन चाहने कोरोना प्रभावित व्यवसायीले माघ २१ गतेदेखि १ महिनाभित्र निवेदन दिनू ।' निवेदन दिने व्यवसायीको कारोबार वार्षिक ५० लाख रुपैयाँभन्दा कम हुनुपर्ने नियम सरकारले बनाएको छ । गण्डकी प्रदेशमा शाखा रहेकामध्ये १८ वाणिज्य बैंकको ४ सय ८० शाखाबाट प्रदेश सरकारले कोरोना प्रभावित व्यवसायीलाई ३ वर्षे निर्ब्याजी ऋण दिन लागेको हो ।

बिनाब्याज ऋण दिने कदमप्रति व्यवसायी सकारात्मक छन्, तर सरकारलाई व्यवसायीको २ थरी सुझाव छ । एउटा ५० लाख बढी कारोबार गर्नेलाई पनि ऋण लिने व्यवस्था होस्, अर्को सबैलाई एउटै बास्केटमा नहालऔं ।

चुरापोते बुन्नेदेखि करोडौं लगानी गरेर होटल चलाउनेलाई १ लाखदेखि १५ लाख रुपैयाँसम्म कारोबार गर्नेलाई 'एउटै बास्केटमा राखिएको' भनेर व्यवसायीले असन्तुष्टि जनाएका छन् । यो कोष थोरै पुँजीमा सञ्चालित व्यवसायका लागि मात्रै ल्याएकाले ठूला व्यवसायीलाई केन्द्रले समेट्न प्रदेश सरकारले बताएको छ । पोखरामा ४२ वटा मुद्रा सटही (मनी एक्स्चेन्ज) व्यवसायी छन् । पर्यटक आएमात्रै चल्ने यो व्यवसाय अहिले पूर्ण सञ्चालनमा छैन । तर राहत दिनेहरुको सूचीमा नपरेपछि मुद्रा व्यवसायी शुक्रबार नेपाल राष्ट्र बैंकको पोखरास्थित कार्यालय प्रमुखलाई भेटेका थिए ।

'कोषबाट ऋण पाउनेको सूचीमा नपरेपछि त्यहाँ गयौं । वित्तीय संस्था भएकाले छुट्यो भन्ने कुरा आयो,' मुद्रा सटही व्यवसायी संगठन पोखराका अध्यक्ष कृष्ण भण्डारीले भने, 'तर हामी पर्यटक आएमात्रै मुद्रा साटेर चल्ने हो भनेपछि संशोधनलाई पहल गर्छु भन्नुभयो ।' आफूहरुलाई पनि समेट्न आग्रह गर्दै मुख्यमन्त्री कार्यालयको ध्यानाकर्षण गराइने उनले बताए ।

### सबै व्यवसायीलाई समेट्न आग्रह



**सञ्जीवबहादुर कोइराला**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी

५० लाखभन्दा बढीको कारोबार गर्ने व्यवसायीलाई कोषले समेट्न सकेन । साना व्यवसायीलाई राहत दिनुपर्दैन भन्ने होइन, तर पर्यटन व्यवसायीलाई साना व्यवसायी भनिएको छ । कोषमा साना पर्यटन व्यवसायीलाई सम्बोधन गरिएको छ । मझौला व्यवसायी जसले वार्षिक ५० लाखभन्दा बढीको कारोबार गर्छन् उनीहरुलाई सम्बोधन भएन ।

५० लाखभन्दा बढीलाई पनि समेट्नपर्छ भनेर हामी प्रदेश सरकारलाई भन्दै छौं । व्यवसायीका लागि बिना ब्याज सरकारले ऋण दिँदै छ भन्ने सुन्दा उद्योगी/व्यवसायीको समस्या सम्बोधन गर्छ भन्नेमा थियौं । तर अहिले ५० लाखभन्दा बढी कारोबार गर्नेलाई नदिनेभन्दा हामी दुःखी छौं ।

प्रदेश सरकारको व्यवसाय जीवन रक्षा कोषमा आवश्यकता अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले संशोधन गर्न सक्ने व्यवस्था छ । त्यही व्यवस्था अनुसार कार्यविधि संशोधन गरेर ५० लाखभन्दा माथि कारोबार गर्ने व्यवसायीलाई पनि कोषमा सहभागी हुने अवसर दिनुपर्छ ।

### प्रत्यक्ष प्रभावितलाई प्राथमिकता दिऔं



**विकल तुलाचन**
अध्यक्ष, पश्चिमाञ्चल होटल संघ

नाम नै व्यवसाय जीवन रक्षा कोष भएकाले यसको उद्देश्य व्यवसाय जोगाइराख्नु नै हो । प्रदेशभरका व्यवसायीलाई १ अर्ब रुपैयाँ भनेको झिनो रकम हो । केही नहुनुभन्दा हुनु ठिकै हो, सरकारले ४ प्रकारमा विभाजन गरेर सबैलाई एउटै डालोमा हालेको छ । साना पसल र होटललाई एकै ठाउँमा राखिएकाले त्यो भएन । पर्यटन क्षेत्रमा पनि छुट्टाछुट्टै विभाजन गरेर प्रत्यक्ष प्रभावितलाई प्राथमिकता दिएको भए हुन्थ्यो । प्रभावित त सबै क्षेत्र छन्, तर छिटो प्रभावित भएर ढिलो उठ्ने पर्यटन क्षेत्र हो । अझै कम्तीमा दुई वर्ष पर्यटन क्षेत्र उठ्न सक्ने अवस्था छैन । सरकारले १ देखि १५ लाख रुपैयाँ होटल क्षेत्रलाई दिने भनेको छ ।

करोडौं लगानीमा खुलेका होटललाई १५ लाख न्यून हो । १ वर्षदेखि बन्द भएकाले १५ लाखले त केही हुँदैन । सामान्य होटलले कर्मचारीलाई तलब दिँदा र ब्याज तिर्दै त्यो पैसा सकिन्छ । बन्ने पाइपलाइनमा रहँदा रोकिएका होटलहरु अहिले फेरि बन्न सुरु भएका छन् । विश्वमा कोभिडको भ्याक्सिनले राम्रो प्रभाव पारे पर्यटन पुनः ब्युँतिने छ भन्ने ठम्याइ छ ।

### केन्द्रको कार्यक्रमले नछुनेलाई हो



**ईन्दु घिमिरे**
सचिव, मुख्यमन्त्री कार्यालय

वार्षिक ५० लाखभन्दा बढी कारोबार गर्ने व्यवसायीले आफूहरुलाई पनि समेट्न भनिरहँदा प्रदेश सरकारले त्यो सम्भव नभएको जनाएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सचिव इन्दु घिमिरेले प्रभावित भएर पनि बैंक वित्तीय संस्थासम्म पुग्न नसक्ने र सानो लगानी भएका व्यवसायीका लागिमात्रै प्रदेश सरकारले कोष ल्याएको बताइन् । धेरै लगानी गर्नेहरुलाई केन्द्र सरकारको कार्यक्रमले समेट्ने उनले बताइन् । 'ठूला व्यवसायीले प्रदेशबाट राहत पाएनौं भनेर गुनासो गर्नुभएको छ । त्यो स्वाभाविक पनि हो,' सचिव घिमिरेले भनिन्, 'थोरै लगानी गरेका जो समस्यामा परेका छन् उनीहरुलाई उकासौं भनेर ल्याएको हो । राष्ट्रियस्तरका व्यवसायीलाई प्रदेश सरकारले दिन पनि सक्दैनँ, सानो रकमले उहाँहरुलाई हुँदैन ।'

प्रभावित भएर पनि छुटेको व्यवसाय भए त्यसलाई छलफल गरेर राहत कोषमा समेटिने सचिव घिमिरेले बताइन् । 'ऋण पाइन्छ भन्ने थाहा पाएपछि कसरी पाइन्छ, प्रक्रिया के हुन्छ भनेर चासो राख्नेहरु सम्पर्कमा आउनुभएको छ,' उनले भनिन्, 'यसलाई अझै सहज बनाउन ब्रोसर छापेर सबै प्रक्रियाबारे जानकारी दिने तयारीमा छौं ।'

# ताराखोलाको आफ्नै ब्रान्ड छ

## भाँगो, आलु, साग, ट्राउट माछा, हाते कागज, अलैंचीलाई ब्रान्ड बनाइसकेको ताराखोलाले पर्यटनलाई पनि जोडेर जीवन उकासिँदै छ

**अमृत सुवेदी**
बागलुङ, १० माघ

लोकल कुखुराको सुपमा फापरको डिँडो डोब्नु र क्वाप्प खानु । थालको एक छेउमा छ, गाउँमै फलेको आलु । अर्को छेउको रायोको सागमा हात गइहाल्छ । मगमगाइरहेको भाँगोको चट्नी जब मुखमा पर्छ, ट्वाक्क जिब्रो पड्किहाल्छ । पुस २४ गते साँझ किकल्टामा यस्तै भयो । किकल्टा ताराखोला गाउँपालिका बागलुङको होमस्टे गाउँ हो र यो किकल्टाले पस्कने स्वाद हो ।

किकल्टा होमस्टे पुगेका पाहुनालाई घर नम्बर १ की फूलमाया रोका भन्छिन्, 'जे भन्नुहुन्छ, त्यही बनाउँछौं । थपीथपी खानुस् हजुर, केही बिगार गर्दैन ।' नवलपुरदेखि गण्डकीका विभिन्न पर्यटकीय ठाउँको प्रवर्द्धन गर्दै पुगेको नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशको टोलीले ताराखोलाको बेग्लै स्वाद लिए ।

मांसहारी हुन् या शाकाहारी, रोजाइमा लिन पाउँछन्, गाउँकै उत्पादनबाट बनेका परिकारका स्वाद । पाहुनालाई पस्कने ताराखोलाको आफ्नै ब्रान्ड छ । गण्डकी प्रदेशमै ताराखोलाको आलु भनेपछि हुरुक्कै हुनेहरुको ठूलो जनसंख्या छ । ताराखोलाको भाँगो भन्नेबित्तिकै पारखीहरुको मुख रसाइहाल्छ । ताराखोलाको रायोको साग मुस्ताङी सागकोजस्तै खोजी हुन्छ । ताराखोलाको ट्राउट माछा पनि रोजाइकै परिकार हो ।



**किकल्टा गाउँ पुगेका पाहुनालाई स्वागत गर्दै स्थानीय।** *तस्बिर: राम थापा*

थोरै पैसामा सुन्दर दृश्यसँगै गाउँको मजा, स्थानीय परिकारको स्वाद, सांस्कृतिक तथा पारिवारिक बसाइ चाहनेका लागि ताराखोला उपयुक्त गन्तव्य हुन सक्छ । १ हजार रुपैयाँमै एक रातमा भरपूर आनन्द ताराखोलाले दिन सक्छ ।

पाहुनाले जे खान चाहना गर्छन्, ताराखोलाले आफैंले फलाएको उपजकै परिकार खुवाउने किकल्टा होमस्टेको अध्यक्षसमेत रहेकी फूलमायाले बताइन् । किकल्टा पुग्ने पाहुनाले स्थानीय खानाको स्वादसँगै पारिवारिक बसाइको आनन्द लिन पाउने त्यहाँ पुगेका नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष त्रिभुवन पौडेलले बताए । 'नवलपुरदेखि ढोरपाटनसम्म पर्यटन बोर्डको सहयोगमा हामी पुगेका गाउँ/ठाउँमध्ये ताराखोलाको छुट्टै स्वाद पायौं । बेग्लै विशेषता र सम्भावना देखियो,' पौडेलले भने, 'ढोरपाटन सिकार आरक्ष आउजाउ गर्ने पर्यटकलाई गाउँ भित्राउन सकियो भने ताराखोलाले अझै फड्को मार्ने छ ।' १४ सय मिटरदेखि ३५ सय मिटर उचाइमा रहेको डुँडेलेकको धुरीसम्मै ताराखोलाले पर्यटकलाई लोभ्याउन सक्छ । गुल्मीका गाउँदेखि ढोरपाटन सिकार आरक्षाको फाँटसँगै हिमशृंखला र मनोरम दृश्य हेर्न सकिने डुँडेलेकले पर्यटकलाई तानिरहेको गाउँपालिका अध्यक्ष प्रकाश घर्तीमगरले बताए ।

'पदयात्रासँगै मनोरम दृश्यको मजा होस् या ब्रान्ड बनिसकेको उत्पादनको स्वाद होस्, सांस्कृतिक विविधता होस् वा ऐतिहासिक सम्पदाको उत्खनन्, ताराखोलाले पस्किन सक्छ,' गाउँपालिका अध्यक्ष घर्तीले भने, 'ताराखोलासँग विविधता नै विविधता छ ।'

ताराखोला गाउँपालिकाले २०७७ साललाई भ्रमण वर्ष घोषणा गरेको थियो । पर्यटन प्रवर्द्धन तथा भ्रमण वर्ष सफल पार्न गाउँपालिकाले ७० लाख रुपैयाँ बजेट छुट्याइएको थियो । बजेट पर्यटनमैत्री पूर्वाधार निर्माण र प्रवर्द्धनलाई गाउँपालिकाले जोड दिएको थियो । तर, कोभिड-१९ पालिकाको योजनामा बाटो छेक्न आइपुग्यो । बजेट खर्च हुनै पाएन । पालिकाले यो वर्ष पनि पर्यटन प्रवर्द्धनका लागि महत्वको साथ बजेट छुट्याएको छ । 'पर्यटन भ्रमण वर्ष सफ पार्न होमस्टे गाउँहरु व्यवस्थित बनाइरहेका थियौं । पूर्वाधार निर्माण गरिरहेका थियौं । कोभिडका कारण कार्यान्वयन गर्न सकेनौं,' गाउँपालिका अध्यक्ष घर्तीले भने, 'कोभिड-१९ को संकटपछि फेरि पर्यटक ताराखोला भित्रिरहेका छन् ।'

बाँकी पृष्ठ ४



## सम्पादकीय

# रोकौं आत्महत्या

गएको ३ वर्षमा कास्कीमा ४०८ जनाले आत्महत्या गरेका छन् । यो आर्थिक वर्ष सुरुआत साउनदेखि आत्महत्या गर्नेको संख्या ५६ छ । यो वर्ष विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड १९) महामारीले धेरैलाई बेरोजगार बनायो, दैनिक रोजीरोटी खोस्या र निराशाको भासमा पुर्‍यो । त्यही कारण पनि विश्वभर आत्महत्याको दर बढेको तथ्यांकहरु आएका छन् । नेपालमा पनि आत्महत्याका कतिपय कारणमध्ये कोभिड १९ लाई पनि मानिएको छ । कोरोना महामारीले मानिसलाई फुर्सदिलो बनायो र सँगसँगै चरम असन्तुष्टि र बढाइदियो । मानसिक रोग विशेषज्ञहरु यस अवस्थामा मानिसहरुमा रहेको असन्तुष्टिका कारण आत्महत्याको घटना बढेको हुन सक्ने बताउँछन् । आत्महत्याको प्रमुख कारण नै मानसिक तनाव हो । तनाव ठूलो समस्या हैन, जसको समाधानै नहोस् । व्यवस्थापन गर्न सकिने नै समस्या हो ।

मानिसको जन्मपछि मृत्यु अवश्यंभावी छ, तर आत्महत्याचाहिँ स्वाभाविक होइन । मानिसमा आउने मानसिक असन्तुलनले उसलाई जीवनदेखि लाग्ने वितृष्णाले यो स्थितिमा पुर्‍याउने गरेको छ । तर, अकालको मृत्यु र त्यो पनि आफैंले आफ्नो ज्यान लिने काम व्यक्ति एक्लैका कारण मात्रै हुँदैन । सामाजिक, पारिवारिक परिवेशले पनि त्यसमा भूमिका खेल्छ । तसर्थ सुरुमा त व्यक्तिले आफैले आफैलाई सम्हाल्नुपर्छ अनि परिवार र समाजले पनि व्यक्तिलाई निराश हुनबाट जोगाउनुपर्छ । पारिवारिक बेमेल आत्महत्याको एउटा ठूलो कारण हुनु दुर्भाग्य हो । परिवारका सदस्यबाट हुने हिंसाका कारण पनि व्यक्तिलाई आत्महत्याको बाटोमा लैजाने गरेको छ । मादक पदार्थको सेवन, लागु औषधको दुर्व्यसनी लगायत कारण पनि आत्महत्याको अर्को कारण देखिन्छ ।

राज्यस्तरबाट पनि आत्महत्या रोक्ने प्रयास जरुरी छ । मानसिक परामर्शको सहज उपलब्धताले पनि आत्महत्या रोक्न सघाउन सक्छ । विष र विषादीहरुको सहज उपलब्धतालाई राज्यले नियमन गर्नुपर्छ र निश्चित मापदण्डका आधारमा मात्रै उपलब्ध गराइनुपर्छ । कुनै बेला आत्महत्या दर निकै रहेको जापानले नीतिगत परिवर्तन र नयाँ कार्यक्रमहरु ल्याएर मानिसहरुलाई आत्महत्याको दर घटाएको थियो । भन्नुको मतलब राज्यले चाहँदा आत्महत्या रोकिन्छ । समाजले चाहँदा आत्महत्या रोकिन्छ । परिवारले चाहँदा पनि त्यस्तै हुन्छ । पछिल्लो समयको सामाजिक संरचना जसरी बजारवादी भएको छ, त्यसले निराशा बढाएको छ । पुँजीवादी सामाजिक संरचनाले गरिब, निमुखा र इमान्दार मानिसको महत्व नभएको भैं भ्रम पारेको छ । मानिस सफल हुनु र पैसा कमाउनुलाई मात्रै जीवन ठान्ने परिपाटी जसरी विकास भएको छ, त्यसले थुप्रै मानिसमा निराशा उत्पन्न गराएको छ । वास्तवमा जिन्दगी कुनै प्रतियोगिता हैन, जसरी पनि फस्ट हुनै पर्ने धेरै अंक ल्याउनै पर्ने ।

## भोलिको पञ्चाङ्ग

सूर्य उत्तरायण, शिशिरर्तुः, प्रमादी नाम संवत्सर, श्रीशाके १९४२,सम्वत २०७७ साल माघ १२ गते सोमबार नेपाल सम्बत ११४१ पोहेलाथ्व, सन् २०२१ जनवरी २५ तारिक पौष शुक्लपक्ष द्वादशी तिथि राती ११ वजेर १९ मिनेटसम्म, मृगशिरा नक्षत्र राती १ वजेर २० मिनेटसम्म, ऐन्द्रियोग, बवकरण, आनन्दादियोग आनन्द, सूर्य मकर राशिमा, चन्द्रमा मध्यान्ह १२ वजेर २५ मिनेटसम्म वृष उप्रान्त मिथुन राशीमा ।

## राशिफल



वेदनिधि तिमिल्सिना
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ■ कला सहित्य तथा यान्त्रिक काममा रुची बढ्ने ।
- **वृष** ■ मनोरञ्जनात्मक क्रिया कलाप बढि हुनेछन् ।
- **मिथुन** ■ मिशनमा पुग्न गाह्रो हुनेछ,असफल भईनेछ ।
- **कर्कट** ■ गरेका अधिकाँश कामबाट लाभान्वित हुनुहुनेछ ।
- **सिंह** ■ आर्जन र भोर्जन राम्रै मिल्नेछ,मुद्धामा जीत हुनेछ ।
- **कन्या** ■ समयको गति सगै काममा सुधार आउनेछ ।
- **तुला** ■ काम गर्ने वातावरण मिलाउन सकिने छैन ।
- **वृश्चिक** ■ लगनशिल भई गरेका काम सफल हुनेछन्
- **धनु** ■ समस्या सँग खेली खेली काम गर्नु पर्नेछ ।
- **मकर** ■ कला सहित्यमा अभिरुची,भौतिक सुखानुभूति कम ।
- **कुम्भ** ■ मिन:- व्यापार व्यवसायबाट समोचित लाभ हुनेछ ।
- **मीन** ■ नयाँ कामको सुअवसर आउन सक्छ ।


**सेप्टी टंकी सफाई गर्नुपरेमा**
सम्पर्क
9802815296
9802815293


# राजनीतिक मैदानमा गैरराजनीतिक खेलाडी



**देवेन्द्रराज पाण्डे**

**भोलिपल्ट, पिट्सबर्गको एक दैनिकले प्रहरीको आलोचना गरेर सम्पादकीय लेख्यो। म अहिले पनि सम्झन्छु, त्यो सम्पादकीयको शीर्षक थियो, स्मेरिङ दी इनोसेन्ट्स।**


विद्यार्थी जीवनमा समेत मलाई राजनीतिमा अभिरूचि थिएन । राजनीति बुझ्न, खोजनिती गर्न पनि मन लाग्दैनथ्यो । त्यस बेलाको एउटा अपवाद भने सम्झन्छु । २०१० सालमा एसएलसी पास गरेर कलेज प्रवेश गर्दा राणाशासन ढलिसकेको थियो । नेताहरु सानो टुँडिखेलमा, अहिले सेनाको अधीन क्षेत्र, र तीनधारा पाठशाला (त्यहाँ एउटा राम्रै आकारको मैदान थियो, त्यस बेला) अघि बराबर भाषण गर्थे । तीमध्ये भीड जम्मा गर्न सक्ने डिल्लीरमण रेग्मी, केआई सिंह जस्ता 'प्रतिपक्षी' वक्ता हुन्थे । साथीहरु उक्त विषयमा गफ गर्थे, मलाई चाख लाग्थेन । २०१४ सालमा नेपाली काङ्ग्रेससमेत सम्मिलित प्रजातान्त्रिक भेलाले गरेको भद्र अवज्ञा आन्दोलनमा भने एउटा सानो घटना घट्यो । बिएमा पढ्दै थिए, एक जना सहपाठी कोमल चित्रकार थिए, जो पछि नेपाली कांग्रेसमा जुझारू कार्यकर्ता भए र पञ्चायतकालमा काठमाडौं नगरपालिकाको प्रधानपञ्च हुन पुगे । हामी साथीहरुलाई लिएर कमल टुँडिखेलतिर गए, त्यहाँ कसले के भने, म सम्झन्नँ । तर एकैछिनमा एउटा ट्रक (लरी भन्थे त्यस बेला) लिएर प्रहरी आयो, हामी सबैलाई त्यसमा खाँदेर थानकोट लगेर छाडिदियो । थानकोटबाट पैदल हिंड्दै थाकेर घर फर्केको सम्झन्छु । तर अभिभावकहरुले थाहासम्म पनि पाएनन् । जिन्दगीमा पछि २०४६ सालयता प्रहरीको घेराबन्दीमा निकैचोटि परें, त्यो पहिलो अनुभव हुँदा भने वास्तवमा के भएको हो र किन ? त्यतापट्टि ध्यान गए जस्तो लागेन ।

त्यसो त प्रहरीले मलाई एक पटक अमेरिकामा विद्यार्थी छँदा पनि छाडेन । सन् १९६७ फेब्रुअरीको घटना हो । उक्त घटनामा आउनुभन्दा पहिले यसको पृष्ठभूमिको चर्चा आवश्यक पर्छ ।

उल्लेख गरिसकें, १९६० को दशकको अमेरिकाको अवस्था, जुन कालखण्डमा पटकपटक गरी मैले झन्डै पाँच वर्ष जस्तो विद्यार्थी जीवन बिताएको थिएँ । दूरगामी महत्वका घटनाहरुले भरिएको दशक थियो, 'प्रेम गरौं, युद्ध होइन' नारा र पुष्प बालक जस्ता बिम्ब मन पराउने युवाहरुको उदय र गाँजा खाने हिप्पीको जमात नेपाल आउने बेलासमेत थियो । त्यस्तै बिटल्सदेखि, बब डिलान, जोन वाएज, साइमन र गार्फुङ्कलका संगीत सुनेर नाच्ने, झुम्ने विद्यार्थीहरुको बिगबिगी र आकर्षण थियो । त्यही बेला अश्वेत जातिका अमेरिकीहरुको मौलिक नागरिक अधिकार प्रत्याभूत गर्ने उद्देश्यले मार्टिन लुथर किङ जुनियरको नेतृत्वमा आन्दोलन भयो । त्यस बेला काला जातिविरूद्ध भेदभाव धेरै मात्रामा कायम थियो । कट्टरपन्थी जातिवादीहरुको बाहुल्य भएको दक्षिणी भेगका राज्यहरुले खुला रुपले दमन चलाउँथे ।

काला जातिका नागरिकहरुविरूद्ध भेदभावले गर्दा कतिपय राज्यमा त्यस युगमा पनि बसमा, विश्वविद्यालयमा उनीहरुले प्रवेशसमेत पाउँदैनथे । र कतैकतै गोराहरुबाट नृशंस तरिकाले मारिन्थे पनि । त्यही बेला जोन एफ केनेडी र पछि लिन्डन वेन्स जोन्सन जस्ता व्यक्ति राष्ट्रपति भए । संघीय सरकारको अधीनमा रहेको सुरक्षा बलसमेतको प्रयोग गरेर काला जातिका नागरिकहरुको अधिकारको रक्षा गर्ने उद्देश्यले केन्द्रीय कानुन लागु गर्न अग्रसरता लिन्थे । तैपनि मुलुकमा एउटा ठूलो समुदाय आफ्ना मौलिक अधिकारबाट वञ्चित रहिरहे । यी धेरै कुरा मेरा लागि नौला थिए । यो स्थितिपछाडिका राजनीतिक र मानवीय पक्षहरु क्रमशः हेर्दै, सिक्दै, जान्दै गएँ ।

त्यही दशकमा मार्टिन लुथर किङ र त्यस बेला डेमोक्रेटिक पार्टीबाट राष्ट्रपतिका लागि उम्मेदवार हुन प्रतिस्पर्धा गरिरहेका उदार मनमस्तिष्कका नेता रोबर्ट केनेडीको हत्या भएको सुन्नुपरेको थियो । रोबर्ट केनेडीका दाजु अमेरिकी राष्ट्रपति जोन एफ केनेडी पनि केही अघि त्यही दशकमा मारिएका थिए । त्यो बेला म स्नातकोत्तर सकेर भर्खर नेपाल फर्केर सरकारमा आफ्नो पद सम्हालेको थिएँ । त्यसपछि विद्यावारिधि गर्न अमेरिका फर्केपछि १९६० को दशकसँगको अमेरिकासँग मेरो व्यक्तिगत जम्काभेट .पुनः स्थापित भएको थियो । लिन्डन वेन्स जोन्सन राष्ट्रपति भएपछि नागरिक अधिकार ऐन, मतदाता अधिकार ऐनसमेत लागु भएर अमेरिका इतिहास रच्दै थियो । तर पनि अमेरिकाको इतिहास,




स्थापित संस्कृति र 'मौलिक' संघीय संरचनाको प्रभावले ती ऐनहरुमा रहेका प्रावधान कति कमजोर र अपूर्ण थिए भन्ने कुरा अहिले पनि कट्टरपन्थीहरुबाट नागरिक अधिकार र मतदाता अधिकार दुवैतिर लक्षित असहिष्णु र अन्यायपूर्ण व्यवहारले देखाउँदै छ । जोन्सनले गरिबीविरूद्ध युद्ध पनि छेडेका थिए, अमेरिकालाई 'ग्रेट सोसाइटी' बनाउने घोषणा गरेका थिए, जुन विषय मेरा लागि नौलो र अमेरिकाबारे सकारात्मक भाव उत्पन्न गराउने कारक तत्व बन्थ्यो । गरिब मुलुकबाट धनी मुलुकमा पढ्न गएको विद्यार्थी, अमेरिकामा पनि कति विपन्नता, असमानता, विभेद रहेछ सिक्ने क्रममा यो तथ्य महङ्खवपूर्ण पहलु हुन पुग्यो ।

अमेरिकाको पहिलो बसाइमै मैले अमेरिकी जीवन, चालचलन, सामाजिक र सांस्कृतिक तौरतरिकाबारे पूरा परिचित भएर मात्र नेपाल फर्कने प्रण गरेको थिएँ । त्यही उद्देश्यले राम्ररी अङ्ग्रेजी बोल्न पनि जानी नसकेको र अमेरिकी रहनसहनसँग पूरै अपरिचित भए पनि तीन जना अमेरिकी (तीमध्ये दुई जना म पढ्ने ग्र्याजुएट स्कुलमा पढ्थे, उनीहरुको विषय बेग्लै भए पनि)सँग अपार्टमेन्ट सेयर गरेर बसें । मेरा लागि त्यो अनुभव धेरै सुखद र शिक्षाप्रद रह्यो । अमेरिकी रहनसहन, 'सभ्य व्यवहार' सबै सिकें । नेपालमा रक्सी छुँदै नछोएको, कुखुरासम्म पनि नखाने बाहुन बिस्तारै 'बिग्रिएँ', सर्वभक्षी भएँ । अमेरिकीसँग अपार्टमेन्टमा सँगै बसेका नाताले थुप्रै अमेरिकन साथी भए, अन्डरग्र्याजुएट स्तरमा पढ्ने छात्रछात्राहरुसँग समेत घुलमिल बढ्दा मनोरञ्जन र अनौपचारिक प्रशिक्षण दुवै किसिमले सो बसाइ लाभदायक थियो । सन् १९६५ मा यस्तै जीवनमा फर्केर विद्यावारिधि अध्ययनमा लागेपछि संगतको दायरा अझै बढी फराकिलो भयो । सुरूमा एउटा भिन्नता रह्यो । सन् १९६२/६३ मा त्यहाँ पढ्दा पूरै पिट्सबर्ग विश्वविद्यालयमा नेपाली विद्यार्थी म एक जना मात्र थिएँ । यसपालि सुरूमै पिट्सबर्ग आउनुअघि हवाईको इस्ट-वेस्ट सेन्टरमा भेटेको साथी रत्नशमशेर जबरासँग (मेरो पिएचडी छात्रवृत्तिको व्यवस्था हवाई विश्वविद्यालयको त्यही सेन्टरबाट भएको थियो) केही समय अपार्टमेन्ट सेयर गरी बस्न पाएँ । उनी भूगोलमा विद्यावारिधि गर्दै थिए । त्यो छोटो समयपछि म फेरि अमेरिकन साथीहरुसँग मिलेर बास खोज्ने, सँगै बस्ने काममा लागें ।

यही कालखण्डमा त्यही बेला चर्चा र बहसको महत्वपूर्ण विषय भियतनाम युद्ध थियो । युद्धले दिनपरदिन उग्र रुप लिँदै थियो, युद्ध जति बढी चम्कियो, नरसंहारका दृश्यहरु टिभीको पर्दामा त्यति धेरै देखिन्थे । त्यही क्रममा देशभर, खासगरी विश्वविद्यालयका क्याम्पसहरुमा यो युद्ध चर्चा र बहसको महत्वपूर्ण विषय बन्यो । युद्धविरोधी युवा र अरु नागरिकहरुको आवाज बुलन्द हुँदै गयो । र यसरी कक्षाभित्र, बाहिर प्रशिक्षित हुने मेरो संगत पनि अरु फराकिलो हुँदै गयो । मेरो आफ्नै कक्षाका साथीका भाइहरुसमेत भियतनाम युद्धमा मारिएको खबरले हामी सबैलाई बढी संवेदनशील तुल्याउँथ्यो । हाम्रो चासो, छलफल, बहस पनि अरु गम्भीर हुने नै भयो ।


देशभरका विश्वविद्यालय क्याम्पसहरुमा युवा विद्यार्थी र केही प्राध्यापकसमेत भियतनाम युद्धको विरोधमा उत्रँदै जाने क्रममा एक दिन दिउँसो हाम्रो क्याम्पसमा युद्धविरोधी भाषण गर्न एक जना नाम चलेका जुझारू वक्ता आएका थिए । उनको भाषण सुन्न चाहिँ म चुकें । साँझपख केही विद्यार्थी बस्ने कुनै आवासमा उनी फेरि आउने कार्यक्रम रहेछ । ती अन्डरग्र्याजुएट छात्रा, जसले मलाई पश्चिमा शास्त्रीय संगीतको परिचय गराएकी थिइन्, उनको आग्रहमा उनीसँगै म त्यहाँ पुगें । हाम्रो गफगाफ चल्दै थियो, सायद बियर पनि पिउँदै थियौं, एक्कासि एक टोली प्रहरी आए, मोटरहरुको साइरन बजाउँदै । हामीलाई भित्तापट्टि फर्काएर लाम लगाएर उभ्याए, सबैको खल्ती छामछुम पारे अनि लिएर गए थाना । त्यहाँ हामीले गाँजा (मेरूवाना) खाएको आरोप लगाए रे, जुन असत्य थियो । प्रहरीसँग प्रमाण पनि थिएन । उनीहरुको रिस हामीसँग भन्दा युद्धविरोधी वक्तासँग थियो । भोलिपल्ट बिहान हामीलाई छाडियो । पछि हामीलाई लगाएको आरोप पनि फिर्ता लिएछन् । हाम्रो इज्जत बढे जस्तो लाग्यो, जब यसको भोलिपल्ट, पिट्सबर्गको एक लोकप्रिय दैनिकले प्रहरीको आलोचना गरेर सम्पादकीय लेख्यो । म अहिले पनि सम्झन्छु, त्यो सम्पादकीयको शीर्षक थियो, स्मेरिङ दी इनोसेन्ट्स । त्यो बेला काठमाडौंमा मेरो सरकारी हैसियत चाहिँ 'उपसचिव' भइसकेको थियो । यहाँ थाहा पाएको भए, हल्ला भएको भए, इज्जत, बेइज्जत केकति हुन्थ्यो, जागिर के हुन्थ्यो, थाहा छैन । भाग्यले त्यो युग बेग्लै थियो, इन्टरनेट सुविधा हाम्रो सपना, कल्पनामा पनि थिएन ।

यो लामो वर्णनमा विषयान्तर भयो कि कुन्नि, यो काण्डको चर्चा गरेर राजनीतिक काममा, कुरामा म कति काँचै थिएँ र यतातिर मेरो शिक्षा कसरी सुरू भयो भन्ने थप उदाहरण दिन खोजेको मात्र हुँ । के कारणले हो, राज्यसँग जुझ्ने काममा मेरो नियतिले एक पललाई भए पनि मलाई अमेरिकामा समेत छाडेन ।

*(फाइनप्रिन्टबाट प्रकाशित देवेन्द्रराज पाण्डेको पुस्तक 'एक ज्यान दुई जुनी' आइतबार सार्वजनिक हुँदै छ)*

**प्रेरक प्रसंग**

# चाणक्यका दुइटा दियो



चाणक्य नीतिशास्त्रका लागि विख्यात थिए। उनको गुणगान सुनेर एकपटक एक चिनियाँ दार्शनिक भेटघाटका लागि चाणक्यको घर पुगे। उनी पुग्दा अँध्यारो भइसकेको थियो। जब उनी चाणक्यको कोठामा प्रवेश गरे, उनले एउटा उज्यालो दियोको अगाडि बसेर केही लेखनमा व्यस्त चाणक्यलाई देखे। चाणक्यले ढोकामा आइपुगेका आगन्तुकलाई देखेपछि मुस्कुराउँदै भित्र आएर बस्न संकेत गरे।

छिटोछिटो आफ्नो लेखनलाई पूर्णता दिएर उनले जुन दियोको उज्यालोमा लेख्दै थिए, त्यो निभाए र अर्कै दियो सल्काएर चिनियाँ दार्शनिकसित कुराकानी गर्न थाले। चाणक्यले एउटा दियो निभाएर अर्को सल्काएको देख्दा चिनियाँ दार्शनिक छक्क परे। उनले सायद भारतमा यस्तै चलन होला भन्ने सोचे।

तर, आफ्नो मनको खसखस थाम्न नसकेर उनले सोधे- महाशय, म आउँदासम्म जुन दियोको उज्यालोमा लेख्दै हुनुहुन्थ्यो, त्यो निभाएर अर्कै दियो सल्काएर मसित कुराकानी गर्न बस्नुभयो। तर, दुवै दियो उस्तै देखिन्छन्। के भारतमा आगन्तुक आउँदा नयाँ दियो सल्काउने चलन छ हो ?

चिनियाँ दार्शनिकको प्रश्न सुनेर चाणक्य मुस्कुराए र उत्तर दिए- हैन महाशय, यस्तो कुनै चलन छैन हाम्रो देशमा। जब तपाईं मेरो घरमा प्रवेश गर्नुभयो, त्यतिखेर म राज्यको काम गरिरहेको थिएँ। त्यसैले मैले त्यो दियो सल्काइरहेको थिएँ, जसमा राज्यकोषको धनबाट तेल हालिएको थियो। तर, अब म तपाईंसित कुराकानी गर्दै छु।

यो मेरो व्यक्तिगत भेटघाट हो। त्यसैले, म त्यो दियो बालिरहन सक्दिनँ, जसमा राज्यकोषको धनबाट तेल हालिएको छ। यस्तो गर्नु राज्यकोषको दुरुपयोग हो। त्यसैले, यतिखेर मैले यो आफ्नै कमाइबाट तेल हालिएको दियो सल्काएको हुँ। चाणक्यको भनाइबाट चिनियाँ दार्शनिक निकै प्रभावित भए। उनले झुकेर चाणक्यप्रति सम्मान दर्साए।





**तु-आवश्यकता**
एक स्पेसल म:म कम्पनीको लागि म:म मेकर २ जना चाहियो। साथै फोगन म:म चाहिएमा पनि सम्पर्क गर्नुहोला।
सम्पर्क:
९८५६०६१८२०, ९८२७१२७६११, ९८२७१२७६११

**तु-आवश्यकता**
WI Office को लागि
साधारण- ३ जना
SEE- ३ जना
+2 above- ६ जना
तलब : ८५०० देखि १९५००
सम्पर्क :
9806544029
9846060585

**भवन भाडामा**
SCHOOL COLLEGE UNIVERSITY
लाई उपयुक्त खेलमैदान र भवन भाडामा छ।
साथै सटरहरु पनि भाडामा उपलब्ध छ ।
सम्कर्प : 9814189551

**कर्मचारी आवश्यकता**
वेरोजगार निवारण कार्यालयलाई निम्न कर्मचारी आवश्यकता।
साधारण: ३ जना
SEE - ४ जना
+2 above: ३ जना
सम्पर्क:
9821325720,
9825126111

**TUITION CENTRE**
हामी यहाँ विभिन्न विषयका ट्युसन कक्षाहरू सञ्चालन गर्दछौं ।
- Basic English Course
- कक्षा ९, १० र +२ को सबै ट्युसन पढाइन्छ।
- Bachelor को सम्पूर्ण विषयका ट्युसन कक्षा लगायतका दक्ष र अनुभवी शिक्षकद्वारा IELTS का कक्षा पनि पढाइन्छ।

सम्पर्क :
INFINITE SOLUTIONS PVT. LTD.
061-544926, 9815137567
Ramkrishna Tole, Pokhara

**किराना तथा कस्मेटिक्स पसल बिक्रीमा**
पोखराको नदीपुर स्थित कन्या क्याम्पसको आडैमा रहेको अत्यान्त चालु अवस्थामा रहेको किराना तथा कस्मेटिक्स पसल विशेष कारणबस बिक्री गर्नु परेकोले इच्छुक व्यक्तिले सम्पर्क गर्न सक्नुहुनेछ।
नोट: बलेरो (डबल क्याब) गाडीसँग पनि साटफेर गर्न सकिनेछ।
सम्पर्क: ९८४६५३३३१८, ९८०६७७५९५८

**गिट्टी बालुवा**
रामघाटको १ नम्बर प्लास्टर, जोडाई बालुवा र क्रसरको ढुंगा, गिट्टी र बालुवा चाहिएमा सम्पर्क गर्नुहोस् ।
सम्पर्क :
रामघाट बालुवा सप्लायर्स
पोखरा-१०, रामघाट
प्रो. प्रेम समरखाती
९८५६०३४५४१

**TEACHER WANTED IMMEDIATELY**
Post: Pri-primary Level Grade Teacher (Montessori Traned)
No: 2
Contact:
9856005753,
9846185115

**घर तथा घडेरी आवश्यकता**
साविक पोखरा महानगरपालिका क्षेत्रभित्र स्तरिय घर तथा घडेरी आवश्यकता परेको हुँदा इच्छुक जग्गाधनीले सम्पर्क गर्नुहोला ।
सिधा सम्पर्क:
९८०६६-०५५७७
तुरुन्तै पास गर्न सकिने

**Vacancy**
Well experienced, Professional, Smart & good personality staff required for a reputed restaurent.
1) Cashier com Accountant-1
2) Bartander-1
3) Waiter Captain -2
4) Bakery Shef- 1 (10 yrs Exp.)
Salary: Attractive
9846043005,
061-528904
Email: lok_thapa5@yahoo.com

**उद्घोषण/भाषणकला**
अनुपम म्युजिक तथा कास्की मल्टिमिडियाको आयोजनामा १ महिने उद्घोषण, भाषणकला तालिमका नयाँ कक्षाहरू सञ्चालन भइरहेकाछन् । इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
अनुपम म्युजिक पोखरा
गैह्रापाटन, पोखरा
9846027823
अगाडि आउने १० जनालाई तालिम शुल्कमा ५०% छुटको व्यवस्था गरिएको छ।

**कर्मचारी आवश्यकता**
स्वास्थ्य जनजागरण कार्यालयको लागि
साधारण - ५ जना
SEE- ५ जना
+2 above- ४ जना
तलब : ७५०० देखि १८,५०० सम्म
सुविधा : दैनिक गाडी भाडा+बोनस
सम्पर्क :
9806548049,
9805821072, 9856032351

# समृद्धिसँग जोडिने सपना

**वासुदेव पौडेल**
गण्डकी, १० माघ

पुलकै अभावमा लामो समयसम्म ओझेलमा परेको तनहुँको शुक्लागण्डकी नगरपालिकाको सेराबेँसीसहित समग्र थप्रेक क्षेत्रका स्थानीयमा यतिखेर भने समृद्धि र विकासको आशा जाग्दै गएको छ । तालखोला र खुदी खोलाको दोभानमा लामो समयसम्म पुल नबन्दा धेरै सम्भावना भएर पनि ओझेलमा परेको यस क्षेत्रका स्थानीयवासी यतिखेर भने पोखरा महानगरपालिका ३२ गगनगौँडा र तनहुँको शुक्लागण्डकी २ जोड्ने गरी दोभानमा पुल निर्माण हुन थालेपछि उत्साहित बनेका हुन् ।

कृषिजन्य उत्पादनमा अब्बल मानिने सेराबेँसी र त्यहाँ हुँदै पुगिने पर्यटकीय स्थान थप्रेकका साथै आसपासका अन्य रमणीय भूभागको समृद्धि र विकासमा पक्की पुलको अभाव मुख्य बाधक बनिरहेका अवस्थामा गण्डकी प्रदेश सरकारको ३ करोड ७५ लाख १२ हजार लागतमा पक्की पुल निर्माण गर्न लागिएको हो ।

रुपातालबाट बगेर आउने खोला र देउरालीबाट आउने फुस्रे खोला मिसिएर बनेको यो खोलामा २ दशकअघिसम्म झोलुंगे पुलसमेत नहुँदा धेरै मानिसले ज्यान गुमाइसकेका छन् । वर्षेनि खोलामा मानिस बग्न थालेपछि २०५२ सालमा स्थानीयको सक्रियतामा झोलुंगे पुल निर्माण गरिएको तत्कालीन झोलुंगे पुल निर्माण समिति अध्यक्ष डिल्लीराम अधिकारीले बताए । त्यस बेला मानिसको ज्यान बचाउन झोलुंगे पुल बहुउपयोगी बनेको जनाउँदै उनले झोलुंगे पुलले हिँडेर आवतजावत गर्न केही सहज भए पनि मोटर गुड्ने पुल नहुँदा पृथ्वी राजमार्गको नजिकै रहेर पनि यो क्षेत्र लामो समयसम्म विकासमा पछि परेको बताए । पक्की पुलको आवश्यकतालाई महसुस गरी अधिकारीकै अध्यक्षतामा गठित खुदी खोला तालखोला दोभान पुल निर्माण उपभोक्ता समितिको निरन्तर क्रियाशीलतासँगै पछिल्ला समयमा स्थानीय तहले समेत देखाएको जागरुकताले यतिखेर पुल निर्माण कार्य अघि बढिरहेको छ । आगामी असार मसान्तसम्म पुलको निर्माण कार्य सक्ने लक्ष्य रहेको जानकारी दिँदै अध्यक्ष अधिकारीले खोलामा रहने ३ जीपमध्ये २ वटाको निर्माण कार्य अन्तिम चरणमा पुगेको जानकारी दिए ।

पक्की पुलको अभावमा सेराबेँसी र आसपासको क्षेत्र धेरै सम्भावना बोकेर पनि पछि परेको बताउँदै उनले यसको निर्माणले स्थानीयमा आशा जगाएको उल्लेख गरे । 'पुलको अभावले स्थानीयको आवतजावतका साथै कृषिजन्य उत्पादन बजारमा पुऱ्याउन असहज भएको थियो', उनले भने, 'पुल निर्माणसँगै हुने उत्पादित कृषिजन्य वस्तुको सहज बजारीकरणले व्यावसायिक कृषिप्रतिको आकर्षणसमेत बढाउनेछ ।'

> **कृषिमा अब्बल सेराबेंसी, थप्रेक र आसपासका बासिन्दा बदलिएको जीवनको सपना देखिएका छन्**

सेराबेँसी, नयाँगाउँ, थप्रेक, स्याम्घा, सिसाघाट, आरुस्वाहाँरा, तल्लोपोखरी, काठेपीपल, राङ्दी, झुप्राङ, देउराली, दगामलगायत ठाउँका स्थानीय पुल निर्माणसँगै लाभान्वित हुनेछन् । पुल सम्पन्न भएसँगै थप्रेकमा रहेका गलेखाम कोट, थप्रेकको थुम्काजस्ता पर्यटकीयस्थलको विकास एवं प्रवर्द्धन हुन नसकेको, सेराबेँसीलगायत उर्वर भूभागका उत्पादनले बजार पाउन विश्वास लिइएको छ ।

गण्डकी प्रदेशको राजधानी पोखरासँग अत्यन्त नजिक रहेर पनि पुलको अभावमा तनहुँको सेराबेँसी लगायत स्थानका बासिन्दाले लामो समयदेखि दुःख कष्ट भोग्दै आएको शुक्लागण्डकी १ का वडाध्यक्ष रविचन्द्र पौडेल बताउँछन् । सरोकारवाला सबैको साथ र सहयोगका साथै स्थानीय तहको क्रियाशीलतामा प्रदेश सरकारको सहयोगमा पुलको निर्माण अघि बढेको उनले बताए । पुल निर्माणको विषय लामो समयदेखि चले पनि यसले सार्थकता पाउन नसकेको बताउँदै उनले पुल निर्माणका लागि २ पटक विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भएको जानकारी दिए ।

पर्यटकीय नगरी पोखराबाट दूरीका हिसाबले नजिक रहेर पनि पुलकै अभावमा पर्यटकीय उपयोग हुन नसकेको स्थल थप्रेकको समग्र विकासका लागि पनि निर्माणाधीन पुल बरदान साबित बन्ने उनले विश्वास व्यक्त गरे । स्थानीयको समृद्धि र विकासको चाहनालाई पूरा गर्न आफूहरू निर्वाचित भइसकेपछि निरन्तर लागिरहेको उल्लेख गर्दै पौडेलले वडाभित्र लगभग साढे २ करोड लागतमा मकैमुरो खानेपानी आयोजनासहितका ९, १० वटा खानेपानी योजना सम्पन्न गरिसकिएको बताए ।

सहरी क्षेत्रमा बढ्दो बस्ती विकासको क्रमसँगै पुल नहुँदा राजमार्गको नजिकै रहेर पनि विगतमा सेराबेँसी लगायत स्थान छोडी राजमार्ग आसपासमा बस्न आउने क्रम आगामी दिनमा रोकिने विश्वास लिइएको छ । सेराबेँसी लगायत स्थानका स्थानीयवासीका लागि भौतिक विकासका साथै शिक्षा, स्वास्थ्यलगायत हरेक कुराको पहुँच वृद्धिमा निर्माणाधीन पुल महत्वपूर्ण बन्ने पोखरा महानगरपालिका ३२ का वडाध्यक्ष अक्कलबहादुर कार्की बताउँछन् ।

लामेआहालमा निर्माण गर्ने भनिएको बसपार्क बनेका अवस्थामा राजमार्ग क्षेत्रमा सम्भाव्य सवारीसाधनको चापसमेत कम गर्नका लागि निर्माणाधीन पुल सम्पन्न भएपछि रुपाकोट हुँदै पोखरा जोड्न सकिने वैकल्पिक मार्गको विकास गर्न सकिने उनले औंल्याए । पुलको निर्माणले कृषिजन्य उत्पादनको बजारीकरणसँगै स्थानीयवासीको शिक्षा, स्वास्थ्य रोजगार आदिमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको समाजसेवी एवं पुल निर्माण सहयोग समितिका सदस्य अर्जुन मल्लले बताए । पछिल्ला वर्षमा खोला किनारमा बढ्दै गएको भूक्षय नियन्त्रणमा पनि पुल निर्माणसँगै चासो बढ्ने उनको भनाइ छ ।

पुलकै अभावमा ५, ७ मिनेटमा नै आवतजावत गर्न सकिने यस ठाउँमा अहिले तनहुँको कोत्रे हुँदै गाडीबाट १ घण्टाभन्दा बढी समय खर्चिन यहाँका स्थानीय बाध्य छन् । तनहुँको कोत्रेहुँदै थप्रेक जोडिने मार्गलाई २०१८ सालका सहिद लालध्वज गुरुङको सम्मानार्थ लालध्वज मार्ग नामकरण गरिएको छ ।

तनहुँको सदरमुकाम दमौलीबाट स्याम्घा हुँदै थप्रेक जोडिने मार्गलाई सिन्धु मार्ग नामकरण गरिएको छ । पछिल्लो समयमा दमौलीबाट थप्रेक र थप्रेक हुँदै कोत्रेसम्म जोडिने भएकाले यो मार्ग दमौलीबाट पोखराका लागि वैकल्पिक मार्ग बन्न सक्ने स्थानीयको तर्क छ । दोभानको पुलसँगै शुक्लागण्डकीको सेराबेँसीमा रहेको गुवे खोलामा शुक्लागण्डकी नगरपालिकाको सहयोगमा १ करोड ४० लाखको लागतमा पुल निर्माण गर्न लागिएको शुक्लागण्डकी १ का वडाध्यक्ष रविचन्द्र पौडेलले जानकारी दिए ।

बाटोमा पर्ने सानातिना खोलामा पुलका साथै अन्य आवश्यक पूर्वाधार विकासले क्रमिक गति लिँदै गएको अवस्थामा पक्की पुलको आवश्यकता झन् बढ्दै गएको छ । पुल नहुँदा ५ वर्षयता हिउँदको समयमा स्थानीयले आफ्नै खर्चमा मोटरसाइकल तथा अन्य सवारीसाधन आवतजावतका लागि कलभर्ट राख्न थालेका थिए ।

तालखोला कलभर्ट निर्माण समिति सचिव ठाकुरप्रसाद खनालले हिउँदको समयमा आफूहरूले खर्च जुटाएर असोजदेखि बर्सात सुरु नहुँदासम्म कलभर्ट हालेर सवारीसाधन आवतजावत गराउने गरेको बताए । पछिल्ला वर्ष शुक्लागण्डकी १ ले ह्युमपाइप झिक्न र राख्न सहयोग गर्ने गरेको थियो । निर्माणाधीन पुललाई समयमा नै सम्पन्न गरी वर्षौंदेखि शेराबेँसी सहत थप्रेक र आसपासका सर्वसाधारणले भोग्दै आएको दुःख कष्ट दीर्घकालीनरूपमा समाधान गर्नुपर्नेमा उनको जोड छ । रासस

# पालिका अध्यक्षको सुविधा विद्यार्थीलाई

**सुशील सुवेदी**
वालिङ, १० माघ



जन्मदिनमा केक काट्ने, भोज खाने, परिवारिक भेला हुने, खुसीयाली मनाउने चलन बढ्दै गएको छ । केही मनकारी र सामाजिक भावनाका व्यक्तिले फरक तरिकाले पनि उत्सव मनाउने गरेका छन् ।

स्याङ्जाको हरिनास गाउँपालिका अध्यक्ष खिमनारायण मानन्धर ती फरकमध्ये एक हुन् । उनले जन्मदिन विद्यार्थीलाई पोशाक वितरण गरेर मनाए । पालिकाका सामुदायिक विद्यालयका विद्यार्थीलाई लक्षित गर्दै पोशाक वितरण गरिएको अध्यक्ष मानन्धरले बताए ।

उनले ३७ औं जन्मोत्सवमा यो अभियान सुरु गरेका हुन् । अध्यक्ष मानन्धरले आफूले अध्यायन गरेको पीताम्बर माध्यमिक विद्यालयका ४ सय ५० विद्यार्थीलाई पोशाक वितरण गरी अभियान आरम्भ गरे । उनले अब आफूले पाउने तलब, भत्ताबाट सामुदायिक विद्यालयमा पढ्दे पालिकाभरिका विद्यार्थीलाई ड्रेस उपलब्ध गराउने जानकारी दिए । उनले भने, 'यहाँका ३० सामुदायिक विद्यालयमा अध्यायनरत ३ हजार ५ सय विद्यार्थीलाइ पोशाक प्रदान गर्ने अभियान छ ।'

# लेखनाथ जेसिजको पदस्थापन

**समाधान संवाददाता**
लेखनाथ, १० माघ



लेखनाथ जेसिज र जुनियर जेसिजको वर्ष २०२१ का पदाधिकारीको शनिबार संयुक्त पदस्थापन गरिएको छ । लेखनाथ जेसिज वर्ष २०२० का अध्यक्ष चिरञ्जीवी न्यौपानेले वर्ष २०२१ का अध्यक्ष नवराज पौडेललाई र लेखनाथ जुनियर जेसिजको वर्ष २०२० का अध्यक्ष सुजन तिमिल्सेनाले वर्ष २०२१ का नवनिर्वाचित अध्यक्ष शिवानी केसीलाई पद तथा गोपनियताको सपथ गराएका थिए ।

नेपाल जेसिजका कार्यकारिणी उपाध्यक्ष भोजराज चापागाईंले युवाको क्षमता अभिवृद्धि गर्दै नेतृत्वदायी भूमिकामा पुऱ्याउनु नै जेसिजको अभियान भएको सुनाए । उनले समाज रुपान्तरणमा जेसिजको भूमिका महत्वपूर्ण हुने धारणा राखे ।

पोखरा ३० का वडाध्यक्ष श्रीराम पोखरेलले जेसिजले मानिसलाई अनुशासित बनाउँदै क्षमता अभिवृद्धिमा सहयोग गरेको बताए । लेखनाथ जेसिजका संस्थापक अध्यक्ष बाबुराम जमरकट्टेलले समाजका लागि केही गरौं भन्ने सोच भएका युवाको समूह नै जेसिज भएको उल्लेख गरे ।

लेखनाथ जेसिजका अध्यक्ष नवराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा जेसिज अध्यक्ष किरण केसी, लेखनाथ उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष छत्रधर आत्रेय, लेखनाथ जेसिजका पूर्वअध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठी, ऋषिराम जमरकट्टेल, सामुदायिक सेवा केन्द्र लेखनाथका अध्यक्ष त्रिलोचन लामिछाने, लेखनाथ जेसिजका महासचिव सिपी ढुंगाना, निर्वतमान अध्यक्ष रोशन अधिकारी लगायतले जेसिज अभियानबारे जानकारी गराएका थिए । कार्यक्रममा दिननाथ र अमृता सम्मेलन अवार्डसमेत वितरण गरिएको थियो ।

# खास्टे सहकारी ६ वर्षमा



**समाधान संवाददाता**
लेखनाथ, १० माघ

पोखरा २६ मा रहेको खास्टे मत्स्य तथा कृषि सहकारीले शनिबार पाँचौं स्थापना दिवस मनाएको छ । यो सहकारीले खास्टे र न्युरेनी ताल संरक्षण गरी आयआर्जनका लागि माछा पालन गर्दै आएको छ ।

सहकारीले स्थापना दिवसको अवसरमा दुवै ताल किनारामा रहेको फोहोर संकलन गर्ने र ताल बराह मन्दिर परिसर सरसफाइ गरेको छ । संस्थाका कार्यसमिति र सेयर सदस्यले ताल किनार र मन्दिर परिसर सफाइ गरेका हुन् । कार्यक्रमका सहभागीले तालको सौन्दर्यलाई नबिगारी मानव अतिक्रमणबाट ताललाई बचाइराख्न आवश्यक नीति र कार्यक्रम बनाउन सरोकारवालालाई आग्रह गरे ।

ताल संरक्षणका लागि २०७२ देखि काम गर्दै आएको सहकारीले अहिले तालको स्वरुपमा परिवर्तन गर्ने गरी काम गरेको अध्यक्ष हरिप्रसाद अधिकारीले बताए । उनले आय आर्जनका लागि व्यवस्थित तरिकाले माछा पालिएको उनको भनाइ छ ।

# सिरक उद्योगमा आगलागी

वालिङ, १० माघ (समाधान)-वालिङ १० भकुण्डेको १ सिरक डस्ना उद्योगमा आगलागी भएको छ । शनिबार बिजुली सट भई आगलागी भएको प्रहरीले जनाएको छ । स्टार सिरक डस्ना उद्योगमा आगलागी भएपछि स्थानीय, प्रहरी र वालिङ नगरपालिकाको दमकल प्रयोग गरी आगो नियन्त्रणमा लिइएको वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक हरि पौडेलले जनकारी दिए । आगलानीबाट करिब १५ लाख क्षति भएको उद्योगका सञ्चालक टीकाराम पाण्डेले बताए ।


**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**
**सुवर्ण अवसर !!!**

**काठमाडौंको अपार सफलतापछि तपाईहरूको आफ्नै सहर पोखरामा**

**यहाँ जर्मन पद्धतिबाट बिना अपरेशन तथा विना साईड ईफेक्ट पाइल्स, पत्थरी (पित्त तथा मिगौंला) पिनास, हाडजोर्नी तथा नशा च्यापिएको, प्यारालाइसिस हात खुट्टा पोल्ने, झमझमाउने, यौन रोग (यौन शक्ति) बढाउने, शीघ्र स्खलन, सेतो पानी बग्ने आदि), छाला सम्बन्धि (सेतो दुबी, सोरियासिस, डण्डीफोर, मुसा आदि) माइग्रेन, कब्जियत, ग्यास्ट्रिक, अल्सर, कपाल झर्ने, प्रोस्टेट, टन्सिल, एलर्जी, दम तथा खोकी, सुगर प्रेसर (सधैं औषधि खान नपर्ने गरी), साथ साथै औषधि खादा खादा निको नभएको पुरानो भन्दा पुरानो रोगहरुको उपचार गरिन्छ । साथै ल्याब तथा फिजियोथेरापीको सेवा पनि उपलब्ध छ ।**

**हर्षदा होमियो**
**सृजनाचोक, पोखरा, ९८६२९५१९०२**



**कृषि फर्म बिक्रीमा**

**रमणीय स्थलमा अवस्थित कृषि फर्म गाई, भैंसी, बंगुर तथा बाख्रा पाल्न मिल्ने अति राम्रो कृषि फर्म तु बिक्रीमा।**

**सम्पर्क :**
**९८१८३००८०१**



We Accept
fonepay
Samadhan Media Pvt. Ltd.
eSewa



**हार्दिक श्रद्धाञ्जली**

**जन्म मिति:**
**वि.सं. २०४२/०७/१६**



**स्वर्गारोहण मिति:**
**वि.सं. २०७७/०९/२६**

**स्व. सन्दीप तुलाचन**

**थकाली सेवा समिति, नदीपुर-३, पोखरा**का आजीवन सदस्य स्व. भुजेन्द्र तुलाचन तथा कमलादेवी तुलाचनको सुपुत्र **सन्दीप तुलाचन**को जापानमा भएको अकल्पनीय निधनले हामी अत्यन्त मर्माहत भएका छौं । यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति महागुरु नरीझ्यव चार ईष्ट देवताले प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**ई. रूजिन्द्र तुलाचन**
सचिव

**शिवशंकर गौचन**
अध्यक्ष

*तथा*

**थकाली सेवा समिति परिवार, नदीपुर-३, पोखरा**





का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



## जनसांस्कृतिक महासंघमा कार्यविभाजन

पोखरा, १० माघ (समाधान)- जनसांस्कृतिक महासंघ केन्द्रीय कमिटीमा गण्डकी प्रदेश कमिटीबाट निर्वाचित केन्द्रीय सदस्यको कार्यविभाजन टुंगो लागेको छ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) केपी ओली समूहको सांस्कृतिक मोर्चालाई पार्टी विभाजन प्रक्रियामा गएपछि पुनर्गठन गरिएको हो । महासंघ गण्डकी प्रदेश संयोजकमा केन्द्रीय सचिवालय सदस्य मनकुमार श्रेष्ठ, सहसंयोजकमा केन्द्रीय सदस्य पद्मराज ढकाल र महासचिवमा केन्द्रीय सदस्य सुवास मल्ल छन् ।

महासंघ सम्बद्ध घटकहरुको मोर्चा संयोजक कृष्ण भण्डारीलाई तोकिएको छ भने आर्थिक विभाग प्रमुख तारापति सुवेदी छन् । प्रदेश अन्तर्गतका विभिन्न जिल्लाका इन्चार्जसमेत तोकिएका छन् । महासंघ कास्की जिल्ला इन्चार्ज जीवन सुवेदी, पोखरा महानगर इन्चार्ज करण तामाङ, स्याङ्जा जिल्ला इन्चार्ज शंकरविरही गुरुङ, तनहुँ इन्चार्ज पृथ्वी भुजेल, गोरखा जिल्ला इन्चार्ज सरला पाण्डे, लमजुङ जिल्ला इन्चार्ज स्थिरबाबु घिमिरे र मनाङ जिल्ला इन्चार्जमा लक्ष्मण गौतम हिमाली रहेको महासंघ प्रदेश संयोजक मनकुमार श्रेष्ठले बताए ।

पर्वत जिल्ला इन्चार्ज कृष्ण अखेली, बागलुङ जिल्ला इन्चार्ज भरत बागलुंगे, म्याग्दी जिल्ला इन्चार्ज रवि कार्की, मुस्ताङ जिल्ला इन्चार्ज राजेन्द्र सापकोटा र नवलपुर जिल्ला इन्चार्जमा रोशन थापालाई जिम्मेवारी दिइएको छ । महासंघ प्रदेश कमिटीको प्रथम सम्मेलन यही फागुन ८ गते पोखरामा गरिने भएको छ । त्यसअघि सबै जिल्ला तथा पालिकामा कवि, कलाकार तथा संगीतकर्मीका भेला गरिने महासचिव सुवास मल्लले जानकारी दिए ।

## राजेन्द्रका कथाको चर्चा

पोखरा, १० माघ (समाधान)- पोखरामा कथाकार राजेन्द्र विमलका कथाको परिचर्चा भएको छ । सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठानको नियमित मासिक कार्यक्रम अन्तर्गत शनिबार परिचर्चा भएको हो । उनको बन्धनबाट मुक्ति कथामा सीमान्तीयता र बुढ्यौली व्यवस्थापन शीर्षकमा उपप्राध्यापक सुरज पौडेलले छलफल पत्र प्रस्तुत गरे ।

पौडेलले सीमान्तीय विचारलाई अनेक कोणबाट नियाल्न सकिने भए पनि बन्धनबाट मुक्ति कथालाई शारीरिक अशक्तता र उमेरगत सीमान्तीयताका आधारमा चिनाए । उनले वृद्धावस्थाले धेरै ज्येष्ठ नागरिकलाई वितृष्णामा बाँच्न बाध्य पारेको, तिरस्कारमा झेलिनु परेको, परिवारको दूरीका कारण एक्लोपन बढ्दै गएको, सन्तानबाट आर्थिक हक हरण हुँदै गएको बताए । उनले जीवनको उत्तरार्धलाई व्यवस्थापन गर्नका लागि स्वच्छता, सक्रियता र मिताहारमा ध्यान दिनुपर्ने बताए । टिप्पणीकर्ता उपप्राध्यापक विष्णुप्रसाद शर्माले नयाँ र विचारोत्तेजक विषयमा अनुसन्धान गर्ने पौडेलको प्रवृत्ति रहेको विचार राखे । उनले सीमान्तीय विचार मिसेल फुकोको विच ारबाट प्रभावित रहेको औंल्याए ।

दर्शकदीर्घाबाट डा. लक्ष्मीशरण अधिकारी, डा. भानु शर्मा कँडेल, डा जगन्नाथ रेग्मी, डा. भूमिराज बस्ताकोटी, उपप्राध्यापकहरु हिममाया पौडेल, कृष्णप्रसाद त्रिपाठी लगायतले जिज्ञासा राखे । प्रतिष्ठानका अध्यक्ष योगराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा सचिव डा. टीकाराम आचार्य 'आरुणि'ले पनि बोलेका थिए ।

## ताराखोलाको...

ताराखोलामा किकल्टासँगै ४ होमस्टे गाउँ छन् । ताराखोला-२ अर्गलमा किकल्टा र वडा नं ५ ठूलो हिलेमा हिले होमस्टे सञ्चालनमा छन् । यी दुबै होमस्टेमा गाउँपालिकाले १० लाख लगानी गरेको छ । वडा नं ४ छम्टुमा ताराखोला बहुउद्देश्यीय सामुदायिक रेम्बो ट्राउट होमस्टे र वडा नं ५ मा सीप सामुदायिक होमस्टे सञ्चालनमा छन् । यी होमस्टेमा गण्डकी प्रदेश सरकारले १०/१० लाख रुपैयाँ अनुदान दिएको थियो ।

घुम्टे, डुँडेलेकजस्ता पर्यटकीय महत्वका स्थल ताराखोलामा छन् । गाईघाट झरनामा टिकटक बनाउने, सेल्फी खिच्नेको भीड अहिले पनि लागिरहेको छ । गाईघाट झरनामा निजी क्षेत्रबाट स्विमिङ पुल, साउना, होटल रेस्टुरेन्ट निर्माण गरिरहेको र त्यसले पनि ताराखोलाको पर्यटकीय क्षमता तथा महत्वलाई बल पुऱ्याउने अध्यक्ष घर्तीको विश्वास छ । आलु, साग, भाँगो, ट्राउट माछालाई ब्रान्ड बनाइसकेको ताराखोलाले गएको वर्षमात्र २० लाख रुपैयाँको अलैंची बेचेको छ । हाते कागजका लागि चिनिएको ठाउँ हो, ताराखोला । 'अहिले ताराखोलाको किवी र अलैंचीले पनि ख्याति कमाइरहेको छ,' गाउँपालिका अध्यक्ष घर्तीले भने, 'पर्यटन र उत्पादनलाई जोडेर स्थानीयको जीवन उकास्ने प्रयत्न गरेका छौं ।'

पर्यटकीय सम्भावनालाई जोड्न र सभा, सम्मेलनमार्फत पर्यटन भित्र्याउन भनेर ताराखोलामा ५ सय जना क्षमताको सभा हल निर्माण भएको छ । २ करोड ६५ लाख रुपैयाँमा निर्माण गरिएको सभा हल बागलुङ जिल्लाकै ठूलो हो ।

सिलेट ढुंगा प्रशस्त पाइने धेरै स्थानहरु ताराखोलामै छौं । 'पहिले सिलेट ढुंगाको कारोबार पनि हुन्थ्यो, पछि रोकियो,' अध्यक्ष घर्तीले भने, 'कार्यविधि र मापदण्डलाई टेकेर संघीय मन्त्रालयबाट स्वीकृत लिएर ऐन निर्माण गरी सिलेट ढुंगा निर्यातको प्रक्रिया सुरु भइसकेको छ । यसले राजस्वको दायरा बढाउँछ ।' धेरै सम्भावना भए पनि ताराखोलाले भोग्ने दुख सडककै हो । बर्खा याममा स्तरीय सडक नभएकै कारण स्थानीय र पाहुनाले पनि दुख खेप्नुपर्ने बाध्यतालाई हटाउन उपल्ला सरकारहरुसँग अध्यक्ष घर्तीले गुहार मागिरहेका छन् । बागलुङ सदरमुकामदेखि ५० किलोमिटर टाढाको ताराखोलामा पिच सडक नभए पनि बाह्रैमास गाडी चल्ने व्यवस्थित सडक बनाउने सपना घर्तीको छ ।

ब्रान्ड बनिसकेका उपजलाई व्यावसायिक बनाउने, उत्पादनलाई बजार पुऱ्याउने र स्थानीयको जीवन उकास्ने अभियान ताराखोलाले चलाइरहेको छ । भुस पोल्ने, सिस्नो खोस्ने पर्व, असारे मेलाजस्ता संस्कृति तथा पर्व ताराखोलामा चल्दै आएको छ । यस्ता ऐतिहासिक परम्पराको जगेर्ना गर्दै पर्यटकलाई जोड्ने प्रयत्न गर्ने गाउँपालिकाको योजना छ ।

# मुस्ताङमा हिउँ माग्दै पूजा

### उपल्लो मुस्ताङमा २ पटक आशिंक हिमपात भए पनि तल्लो मुस्ताङमा अझै हिमपात भएको छैन



**एसके थकाली**
जोमसोम, १० पुस

हिउँ पर्न छोडेपछि मुस्ताङको थासाङ गाउँपालिका ३ लेते, कालोपानीबासीले शनिबार नजिकैको सलनकुना जंगलमा पूथाआजा गरेका छन् । धार्मिक परम्परा अनुसार उनीहरुले हिउँको पूजाआजा गरेका हुन् । लेते कालोपानीका गाउँ मुखिया रवीन्द्र तुलाचनको पहलमा स्थानीयले हिउँको कामना गर्दै पूजाआजा गरेका हुन् । हिउँदयाममा हिउँ मुस्ताङका किसानका लागि बरदान साबित हुने गर्छ । हिउँले कृषकले लगाएका अन्नबालीलाई फाइदा पुग्ने भए पनि यस वर्ष हिउँ नपर्दा मुस्ताङका किसान चिन्तित छन् ।

हिउँ पर्न ढिला भएपछि जिल्लाका स्याउ, आलु, उवा, तोरी, मकै र जौ उत्पादक किसान समस्यामा परेका हुन् । पूजाआजा गरेपछि हिउँ पर्ने जनविश्वासका साथ पूजा गरेको गाउँ मुखिया रवीन्द्र तुलाचन बताउँछन् । उनले गाउँमा सिँचाइको व्यवस्था नभएकाले आकासे पानी र हिउँकै भरमा खेती गर्नु पर्ने सुनाए । करिब १५ स्थानीयले पुजारीसहितको टोलीले हिउँको कामना गर्दै पूजाआजा गरेका छन् ।

हिउँ परोस् भन्ने कामना गर्दै पूजाथानमा सेतो भाले बलि चढाइएको स्थानीय रत्नमान शेरचनले बताए । अहिले मुस्ताङका डाँडाकाँढा फुस्रा देखिएका छन् । उपल्लो मुस्ताङमा २ पटक आशिंक हिमपात भए पनि तल्लो मुस्ताङमा अझै हिमपात भएको छैन ।

स्याउ उत्पादन केन्द्र मानिएको घरपझोङ, वारागुङ मुक्तिक्षेत्र र थासाङमा हिउँ नपरेपछि किसान आहत भएका छन् । जलवायु परिवर्तनका कारण पछिल्लो समय पानीको स्रोतसमेत सुक्दै गएको स्थानीय बताउँछन् ।

कृषि र पर्यटन क्षेत्र मुस्ताङका मुख्य आर्थिक पक्ष हुन् । बर्सेनि मुस्ताङका किसानले करोडौको स्याउ उत्पादन गर्छन् । विश्वमा बढ्दै गएको हरितगृह ग्यास उत्सर्जनका कारण हिमाली तथा उच्च पहाडी जिल्लामा जलवायु परिवर्तनको असर देखिन थालेको छ ।

जलवायु परिवर्तनपछि कुनै वर्ष भारी हिमपात हुने, कुनै वर्ष सामान्य हिमपात, कुनै वर्ष हिमपात नहुने र कुनै वर्ष बेमौसममा हिमपात हुने गरेको विज्ञहरु बताउँछन् । जलवायु परिवर्तनको संकेतले मनसुनमा ढिलाइ, अतिवृष्टि र अनावृष्टि हुँदा यहाँको परम्परागत कृषि प्रभावित भएको छ ।

१० वर्षअघिसम्म मुस्ताङमा पुस, माघ महिनामा भारी हिमपात हुन्थ्यो । पछिल्ला वर्षमा भने असमान प्रकारले हिमपात हुने गरेको छ । हिउँद याममा तापक्रम कम हुने भएकाले त्यस समयमा परेको हिउँ जमिनको भित्री तहसम्म पुगेर कृषि उत्पादनका लागि फाइदाजनक हुन्छ । बेमौसममा पर्ने हिउँले प्राकृतिक विपद् निम्त्याउन सक्छ । बेमौसमको हिमपातले हिमताल फुट्ने, नदी कटान र भूक्षयको जोखिम हुन्छ ।

# सिजी ब्रोज एन्ड नेल्स खुल्ने



**समाधान संवाददाता**
पोखरा, १० माघ

गुरुङ ब्युटी पार्लर एन्ड एकेडेमीले पोखरामा सिजी ब्रोज एन्ड नेल्स ट्रेनिङ इन्स्टिच्युट खोल्ने भएको छ । महिला उद्यमी चिनु गुरुङले एकेडेमीको २५ औं वार्षिकोत्सव नजिकिँदै गर्दा नयाँ इन्सिटिच्युट खोल्ने तयारी थालेकी हुन् ।

इन्सिटिच्युट सोमबारबाट औपचारिक रुपमा सञ्चालन हुने गुरुङले जानकारी दिइन् । अभिनेतृ आँचल शर्माले इन्सिटिच्युट उद्घाटन गर्ने छिन् । २०५२ फागुनमा चिनु गुरुङले गुरुङ ब्युटी पार्लर एन्ड एकेडेमी खोलेकी थिइन् । सौन्दर्य व्यवसायका रुपमा स्थापित भई समाजमा उद्यमशीलताको विकासमा टेवा पुऱ्याउने एकेडेमी सफल भएको उनको दाबी छ ।

पार्लरका अहिले ६ शाखा छन् । गुरुङले ६ शाखामा ४६ जनालाई रोजगारी दिएकी छन् । उद्यमकै विकासका क्रममा आँखा, हात, खुट्टा र नङलाई मध्यनजर गरी सिजी ब्रोस एन्ड नेल्स खोल्न लागिएको हो । विदेश अध्ययन गर्न जान चाहने विद्यार्थीलाई नेल टेक्निसियन र ल्यास ब्रो टेक्निसियन कोर्स सिकाइने गुरुङले बताइन् ।

# प्रधानमन्त्री कप क्रिकेटमा लुम्बिनीको जित

**राष्ट्रिय समाचार समिति**
काठमाडौं, १० माघ

चौथो संस्करणको प्रधानमन्त्री कप १ दिवसीय पुरुष क्रिकेटमा लुम्बिनी प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ । मूलपानी क्रिकेट मैदानमा शनिबार टस हारेर पहिला ब्याटिङ गरेको सुदूरपश्चिमले २७ दशमलव ४ ओभरमा सबै विकेट गुमाएर ६२ रनमात्रै बनाउन सक्यो ।

लुम्बिनीले ६३ रनको विजय लक्ष्य १४ दशमलव ५ ओभरमा ४ विकेट गुमाएर पूरा गऱ्यो । सुदूरपश्चिमका लागि नारायण जोशीले १७ तथा कप्तान सन्तोष भट्टले ११ रन बनाए । अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङतर्फ लुम्बिनीका कृष्ण कार्कीले सर्वाधिक ४ विकेट लिए । अनिल खरेल र विक्रम भुसालले समान २ तथा सन्दीप सुनार र दीपेन्द्र रावतले समान १ विकेट लिए । विजयी लक्ष्य पछ्याउने क्रममा ब्याटिङ गर्दै लुम्बिनीका लागि सौरभ खनालले अविजित १८, प्रकाश केसीले १७ तथा कृष्ण कार्कीले १५ रनको योगदान दिए । बलिङतर्फ सुदूरपश्चिमका लागि शेर मल्लले २ तथा विनोद लामाले १ विकेट लिए ।

समूह 'बि' मा रहेको लुम्बिनी ३ खेलमा ४ अंक जोडेर दोस्रो स्थानमा उक्लिएको छ । लुम्बिनीले पहिलो खेलमा प्रदेश नं २ लाई ७७ रनले हराएको थियो भने दोस्रो खेलमा लुम्बिनी पुलिस क्लबसँग ७४ रनले पराजित भएको थियो । यस्तै सुदूरपश्चिम हालसम्म खेलेका ३ खेलमै पराजित भई अंकविहीन अवस्थामा छ । सुदूरपश्चिम पहिलो खेलमा वाग्मती प्रदेशसँग १ सय ८० रनले तथा दोस्रो खेलमा पुलिस क्लबसँग ९ विकेटले पराजित भएको थियो । सुदूरपश्चिम प्रतियोगिताबाटै बाहिरिएको छ ।

# मलेसियाबाट १८ शव ल्याइयो

**समाधान संवाददाता**
काठमाडौं, १० माघ

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइड बडी ए ३३० जहाजले मलेसियाबाट १८ वटा नेपाली कामदारको शव नेपाल ल्याएको छ । वैदेशिक रोजगारीको सिलसिलामा मलेशियामा विभिन्न कारणले ज्यान गुमाएका नेपालीको शव लिएर निगमको जहाज शनिबार दिउँसो काठमाडौं अवतरण भएको हो ।

१ शवको अस्तुसहित १९ शव नेपाल ल्याइएको निगमले जनाएको छ । शव लिन निगमको जहाज शुक्रबार राति ११ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मलेशियाको क्वालालम्पुर उडेको थियो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत निगमले नेपालीको शव ल्याएको हो ।

वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा काम गर्न गएका नेपाली विभिन्न कारणले मृत्यु भएर त्यहाँ अलपत्र अवस्थामा थिए । मृतकका परिवारको पीडालाई बुझेर निगमले सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा शव ल्याएको निगमले उल्लेख गरेको छ । निगमले क्वालालम्पुर गन्तव्यमा न्यारोबडी जहाजले नियमित उडान गर्दै आएको छ । नेपाली कामदारको शव लिनकै लागि निगमले पहिलोपटक वाइडबडी जहाज प्रयोग गरेको हो । वाइडबडी जहाजमा १८ शव बोक्ने क्षमता हुन्छ ।

मलेसियास्थित नेपाली दूतावासँगको समन्वयमा निगमले नेपालीको शव ल्याएको हो । नेपाली दूतावासलाई उद्धृत गर्दै निगमले जनाए अनुसार अझै त्यहाँ ३७ शव छन् । ती शव समयभित्रै नेपाल ल्याउन निगमले आवश्यक तयारी भइरहेको जनाएको छ । विदेशमा अलपत्र नेपाली कामदारको शव नेपाल ल्याएर निगमले सामाजिक उत्तरदायित्वको उदाहरणीय काम भएको निगमका सहप्रवक्ता शुलेख मिश्रले बताए । 'नेपाल वायु सेवा निगम राष्ट्रिय ध्वजावाहक भएकाले हामी सदैव नेपाल र नेपालीको सुखदु:खमा साथमा हुनुपर्छ र छौं, यस कारण पनि सामाजिक उत्तरदायित्व हाम्रो प्राथमिक क्षेत्र हो र जसप्रति निगम उच्च संवेदनशील छ,' उनले भने ।

महिनौंदेखि अलपत्र अवस्थामा रहेका नेपालीको शव ल्याउन निगमको जहाज प्रयोग भएको छ । निगमले २ न्यारोबडी जहाज ए ३२० र २ वाइडबडी ए ३३० जहाजमार्फत भारतका ३ सहित ७ देशका ९ गन्तव्यमा अन्तर्राष्ट्रिय उडान भर्दै आएको छ ।

# पोखरेली खेल क्षेत्रमा उत्साह

**कृष्ण दवाडी**
कास्की, १० माघ

पर्यटकीय सहर पोखरा पछिल्ला वर्षमा खेल पर्यटनको गन्तव्यसमेत बनेको छ । वर्षभरि नै यहाँ खेलकुद गतिविधि सञ्चालन हुने गर्दछन् । रंगशालाको ४ सय २५ रोपनी जमिनमा फुटबल, क्रिकेट, भलिबल, टेनिस, आर्चरी लगायत खेलका पूर्वाधार रहेकाले पोखरा रंगशाला 'स्पोर्टस् कम्प्लेक्स' समेत बनेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी यहाँ हुने खेल प्रतियोगिता खेल्न आउँछन् । गत वर्ष सम्पन्न सागपछि पोखराले विश्व खेलकुदको मानचित्रमा समेत आफूलाई स्थापित गरेको छ । 'खेलकुदको हब' पोखरामा कोभिड-१९ ले भने लामो समय खेल क्षेत्रलाई शून्यतामा पुऱ्यायो । राष्ट्रिय खेलकूद परिषद् (राखेप)ले मंसिर पहिलो साता खेल गतिविधि तथा प्रशिक्षण पुन: सञ्चालन गर्ने निर्णय गरे पनि विगतमा सञ्चालन हुने फुटबल, क्रिकेट, भलिबल लगायत खेलका प्रतियोगिताले अझै निरन्तरता पाउन सकेको छैन । रोकिएका ठूला प्रतियोगिता सञ्चालन हुने नहुने अझै टुंगो छ ।

खेलकुदको उर्वर भूमिमा लामो समय प्रतियोगिता शून्य प्राय: रहेका अवस्थामा नेपाली राष्ट्रिय पुरुष फुटबल टोली बन्द प्रशिक्षणका लागि यति बेला पोखरा आएको छ । आगामी विश्वकप फुटबल तथा एसियन कप छनोटको तयारीमा रहेको राष्ट्रिय टोलीले शुक्रबार साँझदेखि पोखरा रंगशालाभित्रको फुटबल मैदानमा प्रशिक्षण सञ्चालन गरेको छ । सिनियर राष्ट्रिय टोली बन्द प्रशिक्षणका लागि लामो समयपछि यहाँ आएको हो ।

कोरोनाले खेल क्षेत्र प्रभावित भएका बेला १ दशकपछि राष्ट्रिय फुटबल टोली यहाँ आएर प्रशिक्षण शुरु गरेपछि पोखराका खेलकर्मी उत्साहित बनेका छन् । कोभिड १९ ले शून्यतामा पुऱ्याएको खेल क्षेत्रलाई माथि उठाउन राष्ट्रिय टोलीको प्रशिक्षणले सघाउ पुग्ने र खेलकूद नगरीमा विस्तारै खेलकुद क्षेत्र चलायमान हुने विश्वास पोखरेलीको छ । यसबाट पोखराको खेल पर्यटन प्रवर्द्धन हुने विश्वास गरिएको छ ।

पोखरामा १९ वर्षदेखि निरन्तर आहा रारा गोल्डकप फुटबल प्रतियोगिता सञ्चालन गर्दै आएको सहारा क्लब पोखराका अध्यक्ष केशवबहादुर थापाले राष्ट्रिय टोलीको बन्द प्रशिक्षण सुरु भएपछि पोखरा कोभिडबाट सुरक्षित रहेको र अब खेलकुद गतिविधि अघि बढाउन सकिन्छ भन्ने माहोल सिर्जना भएको बताए ।

> कोभिडका कारण फुटबल, क्रिकेट, भलिबलका ठूला प्रतियोगिता हुने/नहुने टुंगो नलागेका बेला नेपाली राष्ट्रिय पुरुष फुटबल टोलीको बन्द प्रशिक्षण चलिरहेको छ

आफूहरूलाई समेत आहा रारा गोल्डकपका लागि तयारी अवस्थामा लाग्नु पर्दछ भन्ने सन्देश मिलेको उनले जनाए । थापाले भने, 'राष्ट्रिय टोलीको प्रशिक्षण यहाँ सञ्चालन हुनु पोखराका लागि महत्वपूर्ण छ । यहाँको प्रवर्द्धन, खेलकूद प्रतियोगिता पुन: सञ्चालन र पोखरा सुरक्षित रहेको सन्देश प्रवाह गर्न सघाउ पुग्दछ ।' विगतमा स्तरीय पूर्वाधार अभावमा महत्वपूर्ण प्रतियोगिता सञ्चालन नभएको अवस्थामा गत वर्ष सम्पन्न १३ औं सागलाई लक्षित गरी निर्माण गरिएको अन्तर्राष्ट्रिय स्तरको फुटबल रंगशालाले अब राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न सक्षम भएको भनाइ अध्यक्ष थापाको छ ।

नेपालले १ दशकअघि पाकिस्तान र भूटानसँग पोखरामा अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेलेको थियो । त्यसपछि लामो समय राष्ट्रिय टोलीको खेल यहाँ हुन सकेको छैन । आगामी चैतमा हुने विश्वकप छनोटका बाँकी खेलका लागि राष्ट्रिय टोलीले डेढ महिना काठमाडौँमा कृत्रिम मैदानमा प्रशिक्षण गरेको थियो । पोखरामा नवर्निमित प्राकृतिक मैदानमा अभ्यास गर्न पाएपछि खेलाडीसमेत उत्साहित छन् । गत वर्ष घरेलु प्रतियोगिता खेल्न आउँदा भन्दा अहिले मैदान राम्रो पाएपछि खेलाडी सन्तुष्ट देखिएका छन् ।

राष्ट्रिय टोलीका सिनियर खेलाडी विराज महर्जन पोखरामा आरामदायी मैदान र वातावरणमा प्रशिक्षण गर्न पाउँदा सबै खेलाडीले रमाइलो महसुस गरेको बताए । उनले भने, 'पोखरामा अभ्यास गर्न पाउँदा टोलीका सबै खेलाडी उत्साहित छौं । यहाँको प्रशिक्षणले घरेलु मैदानमा हुने वर्ल्ड कप छनोट खेलमा राम्रो गर्न हौसला मिल्नेछ, राखेप र एन्फाले यससँगै विदेशी भूमिमा समेत 'एक्सपोजर म्याच' र 'ट्रेनिङ'को व्यवस्था गरे अझै राम्रो हुन्थ्यो ।'

टोलीमा रहेका अधिकांश खेलाडी २३ र १९ वर्षमुनिको रहेकाले समेत उनीहरूलाई मैत्रीपूर्ण खेलको आवश्यक रहेको बताउँदै विराजले सिनियर जुनियर टोलीले कम्बिनेशनबाट टोलीको मनोबल उच्च रहेको उल्लेख गरे । नेपाली टोलीलाई प्रमुख प्रशिक्षक बालगोपाल महर्जन र सहायक प्रशिक्षक किरण श्रेष्ठले प्रशिक्षण दिएका छन् । । टोलीले ३ महिनाअघि नै काठमाडौंबाहिर तालिमको योजना बनाएको थियो ।

पोखरा आगमन र प्राकृतिक मैदानमा अभ्यासको राम्रो वातावरणबाट खेलाडी खुसी भएको प्रमुख प्रशिक्षक महर्जनले बताए । उनले भने, 'घरेलु मैदानमा राम्रो नतीजाका लागि टोलीले तयारी गरिरहेको छ । काठमाडौंबाहिर लगेर प्रशिक्षण गराउने योजनाअनुसार पोखरा आएका छौं । यहाँको अभ्यासले टोलीको मनोबल उच्च बनाउनेछ ।'


## कर्मचारी आवश्यकता

| क्र.स | पद | संख्या | आवास | खाना/खाजा | तलब |
|---|---|---|---|---|---|
| १ | बस ड्राइभर (Heavy) | १ | ✓ | ✓ | १९००० + २०००/- (कर्मचारी सुपरभाइजर) |
| २ | स्कुल क्लिनर/किचन हेल्पर | २ महिला | ✓ | ✓ | आकर्षक |
| ३ | बस हेल्पर | ३ पुरुष | ✓ | ✓ | आकर्षक |

सम्पर्क
**कास्की मोडनाइज्ड एकेडेमी**
पोखरा-१४, वि.पि. मार्ग, चाउथे । फोन नं. ०६१-५३९००७,५३९००८, ९८५६०८१२९९

**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

यसबाट बच्ने उत्तम उपायहरु:
- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वास प्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ५२६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com